म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ९९ बुधबार, १ मंसिर २०७८ त्रयोदशी ने. सं. ११४२ कछलाथ्व 17 November, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## टिकौलीमा हेटौंडेलीको शव भेटियो

हेटौंडा/छिमेकि जिल्ला चितवनको टिकौली जंगलमा हेटौंडा निवासी एक पुरुषको शब भेटिएको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता डीएसपी नरहरि अधिकारीका अनुसार हेटौंडा उपमहानगरपालिका-९ बस्ने ६३ वर्षीय ज्ञानबहादुर अधिकारीको शव सोमबार दिउँसो टिकौली जंगलमा भेटिएको हो ।

उनको शव भरतपुर महानगरपालिका-९ को पूर्वपश्चिम राजमार्गबाट करिब ५० मिटरभित्र टिकौली जंगलमा भेटिएको प्रहरीले जनाएको छ । सोमवार बिहान जंगलमा घास काट्न जाने स्थानीयले खबर गरेपछि जिल्ला प्रहरी कार्यालएको टोली त्यहाँ पुगेको थियो ।

करिब १५ दिनदेखि घरबाट सम्पर्क बिहिन रहेका अधिकारीको शव सोमबार सडेको अवस्थामा भेटिएको प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिए । त्यस्तै, उनको शब भरतपुर अस्पतालमा पोष्टमार्टमको लागि राखिएको र शब आफन्तलाई बुझाउने प्रकियामा रहेको समेत अधिकारीले जानकारी दिए ।



**बन्दको प्रभाव**: नेत्र विक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले मंगलबार आव्हान गरेको नेपाल बन्दमा सुनसान देखिएको हेटौंडा बजारको मुख्य सडक । पेट्रोलियम पदार्थको मूल्य बृद्धिविरुद्ध चरणबद्ध आन्दोलनमा उत्रिएको नेकपाले आव्हान गरेको नेपाल बन्दको प्रभाव हेटौंडामा सामान्य देखिएको थियो । *तस्वीर: रुपक कालीराजको फेसबुक वालबाट*

## विप्लवका ५० कार्यकर्ता पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशमा प्रहरीले नेत्र विक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका ५० जना कार्यकर्तालाई पक्राउ गरेको छ ।

सोमबार पेट्रोलियम पदार्थको मूल्य बृद्धिबिरुद्ध चरणबद्ध आन्दोलनका क्रममा आह्वान गरेको नेपाल बद्धमा उश्रृङ्खल प्रबृति देखाउने बागमती प्रदेश अन्तर्गतका १० जिल्लामा ५० जना कार्यकर्तालाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी नायव महानिरीक्षक प्रकाशजंग कार्कीका अनुसार, बन्द कार्यान्वयन गराउन हिँडेका ५० जना बढी व्यक्तिलाई पक्राउ गरेको हो । बजार क्षेत्रको चोक चोकमा जम्मा भएर यातायातका साधनको चाबी खोस्ने, नाराबाजी गर्ने जस्ता कार्य गरेका कारण उनीहरुलाई प्रहरीले पक्राउ गरेको कार्कीले बताए ।

उनका अनुसार, प्रहरीले सिन्धुलीमा बन्द गराउँदै हिँडेका २६ जना, काभ्रेमा १४ र चितवनमा ११ जनालाई पक्राउ गरेको हो । मंगलबार प्रदेशका १० जिल्लाका मुख्य बजार, उद्योग तथा कलकारखाना, विद्यालय लगायतका क्षेत्रहरु पूर्ण रुपमा बन्द छन् । सडकमा बन्दकर्ता नभए पनि बन्दको असर देखिएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।



बन्दले पूर्वपश्चिम राजमार्ग, त्रिभुवन राजपथ कान्ति-लोकपथलगायतका सडकखण्डहरुमा सार्वजनिक सवारी साधन निकै कम चलेका छन् । हेटौंडाबाट संघीय राजधानी काठमाडौं, नारायणगढ तथा मुग्लिनखण्ड, वीरगंज हुँदै गन्तव्यतर्फ प्रस्थान गर्ने यात्रुहरु सार्वजनिक सवारी कुरिरहेका छन् । हेटौंडा बजार क्षेत्रमा कार, मोटर साइकल लगायतका सवारी चलिरहेका छन् । तर, ती पनि अघिल्ला दिनको तुलनामा कमैमात्र चलेका छन् ।

बजार क्षेत्रका चोकचोकमा बाक्लो संख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको छ । हालसम्म बन्दको क्रममा कुनै अप्रिय घटना नभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । बन्दमा हालसम्म प्रदेशका कुनै पनि जिल्लामा तोडफोड, आगजनीजस्ता घटना नभएको कार्कीले बताए । बन्दका कारण प्रदेशको मकवानपुर जिल्लामा पनि सार्वजनिक सवारीसाधन निकै कम मात्र निकै कम मात्रामा चलेका छन्, जसका कारण काम विशेषले गन्तव्यसम्म जान चाहानेहरुले सास्ती खेप्नु परेको छ ।

## उमेर छँदै १३ शिक्षकले रोजे स्वर्णिम अवकास

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरगढीमा दीर्घकालसम्म शैक्षिक क्षेत्रमा नयाँ आयाम ल्याउने उद्देश्यले ल्याइएको शिक्षक स्वर्णिम अवकाश कार्यक्रममा १३ जना सहभागी भएका छन् ।

गाउँपालिकाभित्र कार्यरत् १३ जना शिक्षकहरुले शिक्षक स्वर्णिम अवकास कार्यक्रममा सहभागी भएर बिदा भएको जनाइएको छ । अवकास लिएका शिक्षकहरुको स्थानमा प्रविधिमैत्री युवा पुस्ताका शिक्षकहरुलाई अध्यापनमा अवसर दिने योजना पालिकाको थियो ।

गाउँपालिकाले स्वर्णिम अवकास रोजेका १३ शिक्षकलाई बिदाई गरेको छ । १३ जना शिक्षकले अवकास रोजे वापत् कुल ४६ लाख रुपैयाँ पाउने गाउँपालिकाका शिक्षा शाखा प्रमुख रामबहादुर घलानले जानकारी दिए ।

शिक्षक स्वर्णिम अवकास कार्यक्रमका लागि गाउँपालिकाले चालू आर्थिक वर्ष २०७८/०७९ मा ४५ लाख रुपैयाँ विनियोजन गरेको थियो । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल र मकवानपुरगढी गाउँपालिका अध्यक्ष बिदुर हुमागाईंले अवकास रोजेका शिक्षकहरुलाई दोसल्लाह ओडाएर सम्मानसहित बिदाई गरेका छन् ।

केदारनाथ ढुङगाना, गोबिन्दबहादुर तिमल्सिना, कौशिल्या कुमारी लुईंटेल, अच्युत प्रसाद पोखरेल, रमेशकुमार पराजुली, सिताराम दहाल, शुभद्रा लामिछाने, शत्रुधन दुलाल, सिताराम प्रसाद न्यौपाने, कृष्ण प्रसाद पारजुली, नारायण प्रसाद गौतम, इन्द्रमणि सापकोटा, शिब प्रसाद लामिछानेले अवकास रोजेका हुन् ।



आठ बर्षभन्दा बढी सेवाअवधि बाँकी भएका शिक्षकले ५, ५ बर्षदेखि ७ वर्षसम्म सेवाअवधि बाँकी भएका शिक्षकले ४, २ वर्षदेखि ४ बर्षसम्म सेवाअवधि बाँकी भएका शिक्षकले ३ र १ बर्षदेखि २ वर्ष कम सेवाअवधि बाँकी भएका शिक्षकले २ रुपैयाँ प्रोत्साहन स्वरुप रकम पाउने गरी गतवर्ष सूचना जारी गरेको थियो ।

पालिकाका शिक्षा शाखा प्रमुख घलानले अवकास रोजेका शिक्षकहरुका लागि सम्बन्धित विद्यालयबाटै भुक्तानीको व्यवस्था मिलाइएको बताए । यसअघि पढाउँदै आएका विद्यालयको खातामा गाउँपालिकाले भुक्तानी रकम पठाएको घलानको भनाई छ । 'हामीले विद्यालयको खातामा पैसा पठाइसकेका छौं । उहाँहरुले विद्यालयबाटै भुक्तानी लिनु हुनेछ ।,' घलानले भने । पालिकाले यसवर्ष बालविकास केन्द्रका शिक्षिकालाई स्वर्णिम अवकास कार्यक्रम ल्याएको छ ।

गाउँपालिकाले आठ बर्षभन्दा बढी सेवाअवधि बाँकी भएका शिक्षकले ५ लाख, ५ बर्षदेखि ७ वर्षसम्म सेवाअवधि बाँकी भएका शिक्षकले ४ लाख, २ वर्षदेखि ४ बर्षसम्म सेवाअवधि बाँकी भएका शिक्षकले ३ लाख र १ बर्षदेखि २ वर्ष कम सेवाअवधि बाँकी भएका शिक्षकले २ लाख रुपैयाँ प्रोत्साहन स्वरुप रकम पाउने गरी गतवर्ष सूचना जारी गरेको थियो । शिक्षकहरुको अनिवार्य अवकास ६० बर्षमा हुने भएपनि बाँकी उमेरको आधारमा प्रोत्साहन रकम निर्धारण गरिएको शिक्षा शाखा प्रमुख घलानले जानकारी दिए । मकवानपुरगढीमा ४० वटा विद्यालय छ ।

शिक्षक सम्मान तथा बिदाई कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला समन्वय समितिका प्रमुख खुलालले शिक्षा बिना सबै खाले विकासलाई व्यवस्थित र सही ढंगले अगाडि बडाउन नसकिने बताए ।

उनले शिक्षा र चेतना बिनाको बिकास अपुरो रहने बताएका छन् । गाउँपालिका अध्यक्ष बिदुर हुमागााईंले मकवानपुरगढी गाउँपालिका शिक्षा र शिक्षकमैत्री वातावरणका लागि सदैव तयार रहेको बताए ।

अवकास पश्चातको समयमा पनि सीप र दक्षताको आधारमा गाउँपालिकाले अबसर दिने उनको भनाइ छ । शिक्षक स्वर्णिम अवकास कार्यक्रमले निरन्तरता पाउने अध्यक्ष हुमागाईंले बताए ।

कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनी, वडा नम्बर ३ का वडा अध्यक्ष भागवत घिमिरे, वडा नम्बर ५ का अध्यक्ष जितबहादुर घिमिरे, नेपाली कांग्रेस गाउँपालिका शिक्षा संयोजक दोर्जेलामा स्याङतान, नेकपा माओवादी केन्द्र गाउँपालिका अध्यक्ष राजकुमार खड्का, भानु माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष मानकुमारी पाखिनलगायतको आतिथ्यता थियो ।

## थपिए ३७७ संक्रमित

हेटौंडा/नेपालमा पछिल्लो २४ घण्टामा मंगलबार थप ३७७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ४ जना कोरोना संक्रमितको मृत्यु भएको छ ।

यससँगै हालसम्म देशभर कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ४ सय ८२ पुगेको छ । मंगलबार १७० जना कोरोना संक्रमणमुक्त भएका छन् ।


### आकर्षक घडेरीहरू बिक्रीमा

हेटौंडा उपमहानगरपालकिा वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा बिक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८५११६७२६७ ९८४९११०८९२ ९८५५०७२३०८ ९८५५०६८७१६ ९८४५०२८५१९ ९८०२९१४११६


## उपचारका लागि नगद सहयोग

हेटौंडा/नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ नेपाल थाहा नगर कमिटीले एक स्थानीयलाई उपचार सहयोग हस्तान्तरण गरेको छ ।

केहि समयअघि रुखबाट लडेर थाहा-४ की शारदा अधिकारी घाइते हुनु भएको थियो । अधिकारी स्पाइनल इन्जुरी हस्पिटलमा उपचार गरि हाल घरमा उपचाररत छिन् । मंगलबार थाहा ४ किटेनीमा बिरामीका श्रीमान रघुनाथ अधिकारीलाई नगद ३३ हजार ३ सय ९० रुपैयाँ हस्तान्तरण गरेको युवा संघ थाहा नगर सचिव सुमन जंग रायमाझीले बताए ।

कार्यक्रममा नेकपा एमाले थाहा ४ का वडा कमिटी अध्यक्ष रामराजा केसी, युवा संघका नगार अध्यक्ष प्रदिप भट्ट, युवा संघ जिल्ला सदस्य सुजन कार्कीलगायतको उपस्थिति थियो ।


### कर्मचारी आवश्यकता

यस मकवानपुर साझा यातायात प्रा.लि.को लागि निम्न बमोजिम कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा अनुभव र हेटौंडा बजार क्षेत्रका व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

- **पद** : चालक (२ जना)
- **उमेर** : ३५-४५ वर्षसम्म, हेभी लाइसेन्स भएको र कम्तिमा ५ वर्षको अनुभव
- **पद** : कन्डक्टर (१ जना महिला/पुरुष)
- **उमेर** : २५-३५ वर्षसम्म
- **तलब/भत्ता** : आपसी समझदारीमा

साथै, साझा बस फोल्डिङ सिट भएको, सुमो स्कार्पियो, बोलेरो सुपथ मुल्यमा रिजर्भ/भाडामा उपलब्ध छ ।

**सम्पर्क:**

९८५५०६८८७३, ९८४५४५७५०७






**Times AutoHub Hetauda**

Contact:057-590610, 9855067840


प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनाल**

## बाख्रा विकास फार्म

चित्लाङ, मकवानपुर

बागमती प्रदेश

### शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

*सूचना नं. Goods/१/०७८-०७९*

*(दोस्रो पटक प्रकाशित मिति: २०७८/०८/०१ गते)*

**यस बाख्रा विकास फार्म चित्लाङको आ.व.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस फार्ममा रहेका बाख्रा, भेडा तथा खरायोको व्यवस्थापनको लागि आहारा चोकर र दाना खरिद गर्नुपर्ने भएकाले उक्त खरिद कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नको लागि यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दरभाउपत्र फाराम फार्मबाट खरिद गर्न सकिने छ । साथै दरभाउपत्र दाखिला लगायतका अन्य जानकारी यस कार्यालयको सूचना पाटी वा बेभ साइट www.gdfchitlang.gov.np बाट प्राप्त गर्न सकिने छ ।**

**तपशिल :-**

| क्र.सं. | ठेक्कानं. | आपूर्ति गर्नुपर्ने कामकोविवरण | जमानत / धरौटी रकमरु. | दरभाउ पत्रदस्तुररु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | Goods/१/२०७८/०७९ | चोकर३३१०० के.जी. र B2 दाना १२५० के.जी ढुवानी समेत | ४९५००/ | १०००/- | सिलबन्दी दरभाउ खरिद गर्ने अन्तिम मिति २०७८/०८/०७ गते कार्यालय समय सम्म र सिलबन्दी दरभाउपत्र खोलिने समय मिति २०७८/०८/०८ गते समय दिउँसो ४ बजे पछी। |

**कार्यालय प्रमुख**

**बाख्रा विकास फार्म, चित्लाङ**

साझाकुरा

## हाम्रो कुरा

# सरकारबाट फितलो कार्यान्वयनको उपज

सरकारले जे योजना, नीति तथा कार्यक्रम ल्याउँछ त्यो सहजै सेतो कागजमा कालो मसिले लेखिन्छ । तर, कार्यान्वयको पाटोमा निरन्तर पछि हटिरहेको हुन्छ । यो सत्यतालाई नेपाली जनताले बारम्बार सम्भिmरहेका हुन्छन् । चाहे त्यो तत्काल कार्यान्वयन गर्न सक्ने होस् चाहे केहि धौर्य गरियोस् । धेरै पटक झट् हेर्दा मजदुरको पक्षमा हुने तर, मालिकलाई पनि फाइदा पुग्ने गरी न्यूनतम ज्यालादर तोकेको तितो यर्थात भुल्न सकिँदैन । केही वर्षको अन्तरालमा सरकारको मध्यस्थतामा श्रमिक र रोजगार दाताका प्रतिनिधि संस्थाबीच छलफल गरेर न्यूनतम ज्यालादर निर्धारण गर्ने गरी भएका सम्झौताअनुरूप नै ज्यालादर बढाउनुपर्नेमा मजदुर संगठनले २० हजार बनाउन माग गरेको र रोजगारदाताले ११ हजार मात्र बनाउन दबाब दिएको वेला बीचको बाटो रोजेर सरकारले १४ हजार ९ सय ९५ रुपैयाँ रहने गरी निर्धारण गरि दिएको थियो । यससँगै मजदुरको मासिक न्यूनतम तलब(भत्ता १३ हजार ४ सय ५० रुपैयाँ पुगेको छ । यसमा आधारभूत तलबमान भने ८ हजार ४ सय ५५ मात्र हुनेछ । यो तलबमानप्रति मजदुर संगठनले सन्तुष्टि जनाएका छैनन् ।

संसारभर नै मजदुर र पुँजीपतिबीच ज्यालादरका विषयमा लामो समयदेखि संघर्ष विद्यमान छ । राज्यसत्ताले मूलतः पुँजीपति वर्गको पक्षमा निर्णय गर्दै गयो । विकसित मुलुकको सत्ता परिवर्तन पछि धमाधम श्रम सुरक्षाका परम्परागत मूल्य र कानुन बदल्दै गएका छन् । ती देशमा काम लगाइसकेपछि दिइने प्रतिघन्टा न्यूनतम ज्यालादरको स्तर भने राम्रो रहेको छ । यता, भारतको दिल्लीमा पनि मासिक ज्यालादर नेपालको भन्दा निकै उच्च रहेको छ । दिल्लीमा मासिक न्यूनतम ज्यालादर २२ हजारदेखि २८ हजार नेपाली रुपैयाँसम्म छ । चीनमा २५ हजारदेखि ३५ हजार नेपाली रुपैयाँसम्म छ । प्रतिव्यक्ति वा प्रतिपरिवार मासिक न्यूनतम खर्च नेपालमा पनि उच्च रहेको छ । नेपालले अहिले वस्तु उत्पादनमा प्रतिस्पर्धा गर्दै आएको चीन र भारतको उत्पादनसँग हो ।

उनीहरूको इकोनोमी अफ स्केल नेपालको भन्दा उच्च भएको या नेपालको भन्दा चिनियाँ र भारतीय श्रमिकको उत्पादकत्व बढी रहेको अनुमान गर्दा पनि ज्यालादरमा यो दुई गुणाको भिन्नता हुँदा नेपाली पुँजीपति वर्गले आफूलाई अप्ठ्यारो परेको हिसाब निकाल्नु स्वाभाविक देखिन्न । अहिले नेपालमा प्रतिव्यक्ति मासिक न्यूनतम निर्वाह खर्च कम्तीमा २० हजार चाहिने भनेर विभिन्न अध्ययनले देखाएको सन्दर्भमा नेपाली श्रमिकको उत्पादकत्व वृद्धिका लागि समेत अहिले तोकिएको दरभन्दा केही बढाउनुपर्ने देखिन्छ । न्यूनतम जीवन निर्वाह खर्च नेपालमा भन्दा भारतमा सस्तो छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५[illegible] |
| बारुण यन्त्र: | |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर २ गते बिहीबार १८ नोभेम्बर २०२१ । कात्तिक शुक्ल चतुर्दशी । कछलाध्व चतुर्दशी ११४१ । सूर्योदय ६:२६ र सूर्यास्त ५:१० मा हुनेछ । पूर्णिमा व्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अध्ययनमा बाधा | **तुला** | : आफन्तजन भेट |
| **वृष** | : धन प्राप्ति | **वृश्चिक** | : मित्रजन भेट |
| **मिथुन** | : शत्रुबाट मुक्त | **धनु** | : प्रेममा सफलता |
| **कर्कट** | : धन नष्ट | **मकर** | : शुभ कार्यको थालनी |
| **सिंह** | : मिष्ठान्न भोजन | **कुम्भ** | : सुख प्राप्ति |
| **कन्या** | : आलश्यता | **मीन** | : यात्राको योग |

# कृषिमा सहकारी मोडलको अनुभव



उदय रानामगर

आगामी दिनमा कृषिमा आधारित सहकारी तथा सामूहिक खेतीलाई प्रश्रय मिल्ने गरी अनुदान वितरण गर्दा वास्तविक कृषक लाभान्वित हुने देखिन्छ ।

नेपाल संघीय गणतन्त्रको हिसाबले युवा अवस्थातर्फ लम्कँदै छ । देश राजनीतिक संक्रमणबाट मुक्त भई समृद्धिलाई केन्द्र भागमा राखी अगाडि बढिरहेको अवस्थामा छ । समृद्धिका लागि अर्थतन्त्र सबल हुनुपर्छ । सानो आकारको अर्थतन्त्र भएको देश नेपालको अर्थतन्त्र हालसम्म पनि कृषिमा आधारित छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान धेरै भए तापनि योगदान दर वार्षिक रूपमा घट्दो छ ।

आर्थिक वर्ष २०७५-७६ मा कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २४.९ प्रतिशत रहेकोमा आव २०७६-७७ सम्म आइपुग्दा २६.२ प्रतिशत हुन पुगेको छ । सोही आव २०७६-७७ मा कुल जनसंख्याको ६०.४ प्रतिशत जनताको मुख्य पेसा कृषि रहेको छ । नेपालमा खेती गरिने विभिन्न प्रकारका बालीहरूमध्ये खाद्य सुरक्षाका लागि महत्वपूर्ण प्रमुख बालीहरू धान, गहुँ र मकै हुन् । नेपाल अहिले पनि खाद्यान्न उत्पादनमा आत्मनिर्भर हुन सकेको छैन ।

किनकि देशको खाद्यान्न उत्पादनले बढ्दो मागलाई धान्न नसकेको कुरा सम्बद्ध निकायबाट नै प्रकाशित तथ्यांकले बताउँछ । यो कुरालाई विश्व भोकमरी सूचकांकमा नेपाल ७२ औं स्थानमा रहिआएबाट पुष्टि हुन्छ । नेपालमा हुने खाद्यान्न बालीहरू खास गरी धान, मकै र गहुँले देशको कुल खेतीयोग्य जमिनको करिब ७५ प्रतिशत स्थान ओगटेको छ ।

यिनीहरूमध्ये धान सबैभन्दा बढी खेती हुने बाली हो । यसले मात्र कुल कृषि उत्पादनको करिब ३५ प्रतिशत स्थान ओगटेको छ । तर, यी बालीहरू खेती गरिएको क्षेत्रफलमा क्रमश: २.२ प्रतिशतले ह्रास आएको देखिन्छ । खाद्य सुरक्षाको दृष्टिकोणबाट धानको महत्त्वपूर्ण भूमिका छ । नेपाल आहारबाट प्राप्त हुने ऊर्जामा खाद्यान्नको अंश ६९ प्रतिशत रहेको छ ।

यसको मतलब खाद्यान्नको उपभोग बढी रहेको अवस्था छ । जलवायु परिवर्तनका कारण उत्पन्न भएको मौसम प्रतिकूलताले गर्दा समयमा रोपाइँ हुन नसक्दा केही जमिन बाँझो रहेकाले खेतीयोग्य जमिनको क्षेत्रफलमा ह्रास आएको छ । तर, कृषि बालीको उत्पादन अघिल्लो आव २०७५-७६ को तुलनामा ८.९ प्रतिशतले बढेको छ । कृषि र पशुपन्छी विकास मन्त्रालयले गरेको एक अध्ययनअनुसार नेपालमा आव २०७५-७६ सम्म आइपुग्दा १४ लाख २५ हजार ३ सय ४६ हेक्टरमा खेती हुने गरेको छ ।

यसले धानलगायतका खाद्यान्न वालीहरू रोप्ने जग्गाको क्षेत्रफल घट्दै गएको छ भन्ने सहज अनुमान गर्न सकिन्छ । अर्कातर्फ नेपालका सबै जिल्लाहरूमा कृषि फसलको उत्पादन समान रूपमा हुने गरेको छैन । हावापानी तथा तापक्रममा भएको परिवर्तनले समेत कृषि उत्पादनमा असर पार्ने गरेको छ । भारतमा भएको एक अध्ययनले १ डिग्री तापक्रम बढ्दा ४ प्रतिशतले धानको उत्पादनमा कमी आएको देखाएको छ ।

यसका साथै खेतीयोग्य जमिनमा बसोबासका लागि उपयोग गर्ने हालको प्रवृत्तिले गर्दा पनि खेतीयोग्य जग्गाको क्षयीकरण भई खेतीयोग्य जमिन घट्दो छ भने पृथ्वीको तापक्रम




बढ्दासमेत प्रमुख कृषिबालीहरूको उत्पादन घट्ने गरेको देखाउँछ । पहाडी र हिमाली क्षेत्रमा धान उत्पादन थोरै प्रतिशतले बढेको पाइन्छ भने तराईमा थोरै प्रतिशतले उत्पादन घट्दा पनि ठूलो क्षेत्रफलमा खेती हुने भएकाले समग्रतामा कृषि उत्पादन घट्न गएको छ । यसबाट नेपालको प्रमुख अर्थतन्त्रको आधारस्तम्भ कृषि क्षेत्रमा समेत प्रभाव परेको छ ।

आर्थिक रूपले सक्रिय जनसंख्याको भरपुर उपयोग गर्ने, जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई न्यून गर्ने, रासायनिक मलको सहज रूपमा उपलब्ध गराउने, कृषिलाई यान्त्रिकीकरण गर्ने, खेतीयोग्य जमिनको खण्डीकरणलाई रोक्ने कृषि क्षेत्रका प्रमुख चुनौती रहेका छन् । कृषिकर्मलाई सामाजिक संस्कारले हेंलाको पेसा बनाएको छ । राज्यको तर्फबाट समेत यसलाई चिर्ने गरी ठोस कदम चाल्न सकेको छैन । नेपाल सरकारले कृषि क्षेत्रमा बजेट छुट्ट्याएको बजेट क्रमश: घट्दो छ ।

यो क्षेत्रमा सो जम्मा ३ देखि ४ प्रतिशत मात्र गरिँदै आएको छ । तर, पछिल्लो समयमा सरकारले यस क्षेत्रलाई प्राथमिकताको सूचीमा राखेर कृषि क्षेत्रमा निजी क्षेत्र र स्वयम् कृषकलाई बढी सहभागिता गराउने नीति लिएको छ । कृषिलाई व्यवसायीकरण गर्न सामूहिक खेतीलाई प्रश्रय दिने नीति अगाडि सारेको छ । खेती प्रणालीको सुरुवात चीनबाट सन् १९५० को दशकमा सुरु भए तापनि नेपालमा भने अझै यस मोडललाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन सकिएको छैन । सामूहिक खेती प्रणालीबाट मात्र कृषिको व्यवसायीकरण गर्न सकिने कुरालाई आत्मसात् गर्दै नेपाल सरकारले निजी र सहकारी क्षेत्रको विकासमार्फत खाद्यान्न र पोषण सुरक्षा सम्बोधन गर्न कृषि विकास रणनीति (एडीएस २०१५-२०३५) ल्याएको छ । यो योजनापश्चात् कृषिका विभिन्न क्षेत्रमा सरकारी तथा निजी क्षेत्रको साझेदारी (पीपीपी) दृष्टिकोण अघि सारिएको छ । त्यसमा पनि कृषिमा सहकारी मोडल उपयुक्त मोडलको रूपमा नेपालको केही जिल्लाहरूमा सुरु गरिएको छ । त्यस्ता सफल मोडलमध्ये झापाको महारानी झोडाको सहकारी कृषि मोडललाई लिन सकिन्छ ।

झापा जिल्लाको गौरादह नगरपालिका साबिक महारानी झोडामा साना किसान कृषि सहकारी संस्था वि.स २०६० सालमा स्थानीय अगुवा कृषकहरूले छरिएर रहेका कृषियोग्य भूमिलाई एकीकृत गरी सहकारी मोडलमा सामूहिक खेतीको सुरुवात गरेको हो । यो कृषि सहकारीमा हाल २२ सय सदस्य रहेका छन् । करिब १ सय ८० जना कृषकको खेतीयोग्य जमिनलाई एकीकृत गरी सहकारी मोडलमा खेती गर्दै आएका छन् । यहाँ करिब २ सय ५० बिघाको हाराहारीमा खेतीयोग्य जमिनलाई एकीकृत गरिएको छ । सहकारीले नै विभिन्न जातका धान, मकै, गहुँ, तरकारी, माछा पालनसमेत गर्दै आएको छ भने त्यसका लागि आवश्यक कम्पोष्ट मलका लागिसमेत गाईपालन गरिएको छ ।

सहकारीले नै पशुको नस्ल सुधार जस्ता कार्यक्रमहरूसमेत सञ्चालन गरेको छ । त्यसका साथै कृषि उत्पादनको प्रशोधनका लागि नेपाल सरकारबाट रु. ४ करोड अनुदान प्राप्त गरी मेसिनरी औजार खरिद तथा विभिन्न संरचनाको समेत निर्माण गरिएको छ । उत्पादित सामानलाई बजार पहुँचका लागि सहकारी बजार सञ्चालनको तयारी छ । यसरी जमिन चक्लाबन्दी गरी खेती गर्दा ठूलो परिमाणमा कृषि पदार्थहरूको उत्पादन हुने, उत्पादन कार्यमा मेसिनको प्रयोग हुँदा उत्पादन लागत घट्दा सदस्यहरू बढी नै लाभान्वित हुँदै आएको देखिन्छ ।

सहकारीका सदस्यमध्येबाट नै कामदारको छनोट गरिने हुँदा रोजगारीमा समेत यो मोडल उपयुक्त देखिएको छ । उत्पादनको उत्पादन खर्च कटाएर सहकारीले नै सदस्यहरूमा लाभांश वितरण गर्ने हुँदा यस्तो सामूहिक खेतीप्रति कृषकहरू बढी नै आशावादी देखिछन् । यस्तो प्रकारले सामूहिक खेती गर्दा कृषिलाई व्यवसायीकरण गर्न सजिलो हुनुका साथै कृषिमा नयाँ-नयाँ प्रविधिको प्रयोगमा समेत सहजता हुने देखिएको छ । सहकारीले उन्नत कृषि उत्पादनका लागि आफैं अनुसन्धान गरी बीउ उत्पादनसमेत गर्दै आएको छ । यसबाट उन्नत बीउको उपलब्धतामा सहजता प्रदान गरेको छ । यो चक्लाबन्दी खेती सुरु भएपछि उत्पादनमा वृद्धि भएको छ । सहकारीले चक्लाबन्दी गरी धान खेती गर्दा प्रतिकठ्ठा प्रतिबाली २ सय ४० केजी उत्पादन भएको छ भने यो मोडलमा आबद्ध हुनुपूर्व प्रतिकठ्ठा १ सय ६० केजी मात्र उत्पादन हुने गरेको थियो । यो चक्लाबन्दी जग्गामा प्रत्येक वर्ष दुई बाली धान र एक बाली अरू मकै, गहुँ तरकारी आदि लगाउने गरिएको छ । पछिल्लो आव २०७६-७७ मा यस कृषि सहकारीले १ करोडभन्दा बढी मुनाफा वितरण गरेको छ ।

उपलब्ध जग्गाको समुचित उपयोग तथा कृषि उत्पादन वृद्धिमा यस प्रकारको सहकारी मोडल नेपालको सन्दर्भमा सफल देखिएकाले यस मोडलबाट कृषि उत्पादनलाई अगाडि बढाउँदा कृषिमा व्यावसायिकता प्रवर्द्धन हुने, बजारको सहज उपलब्धता हुने, प्रविधिको उपयोग गर्न सहज हुने भएकाले तराई वा भित्री मधेसका खेतीयोग्य जग्गाहरूलाई यस मोडलमा चक्लाबन्दी गरी खेती गर्न उत्प्रेरण जगाउनु उपयुक्त देखिन्छ । तसर्थ पनि नेपाल सरकारले यस्तै प्रकारको कृषिमा आधारित सहकारी मोडललाई थप विस्तारको कार्यक्रम अगाडि ल्याउन आवश्यक देखिन्छ ।

नेपाल सरकारले देशका विभिन्न जिल्लामा यो मोडल विस्तार गर्न प्रत्येक आर्थिक वर्षमा जिल्ला तोकेर कार्यक्रम सञ्चालन तथा त्यसलाई आवश्यक पर्ने प्राविधिक तथा आर्थिक सहयोग गर्ने व्यवस्था गर्नुपर्छ । नेपालको अर्थतन्त्रको आधारस्तम्भ कृषि भएको वर्तमान अवस्थामा यस क्षेत्रलाई प्राथमिकतामा नराख्ने हो भने कृषि उत्पादनमा समेत सधैं परनिर्भर र हनुपर्ने अवस्था आउँछ । रिकार्डोको प्रतिस्पर्धाको सिद्धान्तलाई हेर्दा ग्लोबलाइजेसनको युगमा जोसँग जेजस्तो क्षमता र स्रोतको उपलब्धता छ त्यही वस्तुको उत्पादन गर्नुपर्छ भन्ने छ । त्यस्ता उत्पादनबाट ती देशहरूले फाइदा लिन सक्छ, जोसँग उत्पादनका लागि कच्चा पदार्थ अनि सक्षमता छ । यही सिद्धान्तका आधारमा हेर्दा नेपालसँग पनि कृषि नै एकमात्र सबल क्षेत्र भएकाले यसलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुको विकल्प छैन ।

तर, विगतमा संघ, प्रदेश तथा स्थानीय सरकारले समेत कृषिलाई प्राथमिकतामा राखेको भए तापनि कृषिको अनुदान गैरकृषकको हातमा पुगेको दृष्टान्त प्रशस्त छ । यसबाट वास्तविक कृषकको मनोबल गिरेको अवस्था छ । यो अवस्थालाई चिर्न पनि आगामी दिनमा कृषिमा आधारित सहकारी तथा सामूहिक खेतीलाई प्रश्रय मिल्ने गरी अनुदान वितरण गर्दा वास्तविक कृषक लाभान्वित हुने देखिन्छ । यसतर्फ यसो गर्न सकिएमा कृषिमा व्यवसायीकरण भई यसको उत्पादनमा बढोत्तरी हुन्छ । त्यसबाट कृषिउपजको आयात प्रतिस्थापना गर्न पनि सकिने र अर्थतन्त्रमा समेत योगदान बढ्न जान्छ । साथै, कृषि क्षेत्रमा समेत रोजगारीको सिर्जना भई युवाहरूको विदेश पलायनको समस्यालाई समेत धेरै हदसम्म हल गर्न सकिने हुँदा सामूहिक कृषि खेती आजको आवश्यकता बनेको छ ।

\- कारोबार

# भागबण्डा, भ्रष्टाचार र बिचौलिया : न्यायालयलाई सुहाउँछ यी शब्द ?



सोमबहादुर थापा

जहाँ बिचौलियाको चलखेल हुन्छ, त्यहाँ न्याय खरिद बिक्री हुन्छ नै । यस्ता टीका-टिप्पणी त अर्धन्यायिक निकायहरूमा बढी सुनिन्थ्यो । तर अब सर्वोच्च अदालतका हकमा यस्तो शब्द प्रयोग हुनु अझ आन्दोलन हुनु भनेको भयावह बाटोमा लाग्नु हो । विधि र पद्धतिको पालना भए/नभएको जाँच्ने र विधि-पद्धतिको पालना नभएको देखिए पालना गर्न आदेश दिने संवैधानिक संस्थामा यस्तो घटना बारम्बार हुनु दुर्भाग्यपूर्ण हो ।

लोकतान्त्रिक देशमा न्यायिक सर्वोच्चता, न्यायिक स्वतन्त्रता, निष्पक्षता, नैतिकता, इमानदारी, कार्यदक्षता, जवाफदेहिता, पारदर्शिता तथा विवेक र औचित्य हुनु अत्यावश्यक छ भन्ने मान्यता छ । न्यायिक स्वतन्त्रताको अर्थ अदालत र न्यायाधीशहरूले आफ्नो संवैधानिक जिम्मेवारीको काम कसैको दबाब र प्रभावमा नपरी स्वतन्त्र रूपमा सम्पादन गर्नु हो । उनीहरूले संविधान र कानुनको परिधिभन्दा बाहिर गएर काम-कारबाही नगर्नु हो ।

न्यायिक स्वतन्त्रताको सुरुवात एंग्लो-अमेरिकन कानुन व्यवस्थामा सबैभन्दा पहिला सुरु भएको हो । यो सबै लोकतान्त्रिक देशको मुख्य आधारशिला बन्रुन गएको छ । रुसमा पनि सन् १८६४ मा पहिलोपल्ट न्यायिक स्वतन्त्रता लागू गरिएको थियो । यी सबै काम अदालतलाई स्वतन्त्र, सक्षम, प्रभावकारी र निर्भय बनाउन गरिएका हुन् ।

प्रो. प्लांकले न्यायपालिका निर्भयपूर्ण, प्रभाव र दबाबमुक्त, सशक्त स्वतन्त्र भए मात्रै देशमा कानुनको शासन सुदृढ हुन्छ भनेका छन् । यसका लागि उनले न्यायाधीशहरूको निश्चित कार्य अवधि तोकिनुपर्ने, सेवा-सुविधा निश्चित गरिनुपर्ने, न्यायाधीशहरूले न्यूनतम तोकिएको योग्यता पूरा गर्नुपर्ने तथा पदमा रहँदा उनीहरूलाई उन्मुक्ति दिइनुपर्ने उल्लेख गरेका छन् । गलत काम गर्न यस्ता सुविधा दिइएका भने होइनन् । संयुक्त अधिराज्य बेलायतमा सन् १७०१ देखि न्यायिक सर्वोच्चता र न्यायाधीशहरूलाई मनोमानी ढंगले नहटाउने व्यवस्था गरिएको छ । अरु लोकतान्त्रिक देशको संविधानले झैं नेपालको संविधानले पनि न्यायिक स्वतन्त्रता र न्यायिक सर्वोच्चता तथा न्यायाधीशहरूलाई मनोमानी ढंगले नहटाउने सिद्धान्तलाई स्वीकार गर्दै अदालतलाई कार्यकारिणी र व्यवस्थापिकाको तर्फबाट कुनै प्रभाव र दबाब पर्न हुन्न भन्ने सिद्धान्तलाई अंगीकार गरेको देखिन्छ । यी सबै स्वतन्त्रताहरूको अदालत र न्यायाधीशहरूले पनि दुरुपयोग गर्नु हुँदैन भन्ने मान्यता छ ।

न्यायिक स्वतन्त्रताविनाको सर्वोच्च अदालत सर्वोच्च अदालत बन्न सक्तैन भने इमानदारी, नैतिकता, कानुनको पालना, पारदर्शिता, जवाफदेहिता, विवेक, असल आचरण र व्यवहार तथा औचित्य नभए सर्वोच्च अदालत पूर्ण र सफल बन्रुन पनि सक्तैन । न्यायिक नेतृत्वको सोच, कार्यशैली, निर्णय प्रक्रिया र आचरण तथा व्यवहारलाई लिएर परिवार भित्रबाटै एक महिनादेखि चर्को विरोध र आलोचना हुनु दु:खलाग्दो सवाल हो । स्वतन्त्र, स्वच्छ, सक्षम, प्रभावकारी र जवाफदेही र मर्यादित संस्था र प्रधानन्यायाधीशमाथि यस्तो आरोपहरू लाग्नु भनेको न्यायपालिका आफैंमा संवैधानिक दायित्व र जिम्मेवारी निर्वाहमा असफल हुनु हो ।

नेपालमा संघीय, लोकतान्त्रिक एवं गणतान्त्रिक राज्य व्यवस्था सञ्चालनमा छ । यतिबेला कार्यकारिणी र व्यवस्थापिका संवैधानिक दायित्व र भूमिका निर्वाह गर्नमा पूर्णत: असफल भएको अवस्था छ । सबै राजनीतिक दलहरूले यतिबेला जनताको विश्वास गुमाएको अवस्था छ । यो देश र शासन व्यस्थालाई वचाउने, संविधानको रक्षा गर्ने तथा नागरिकका हक अधिकार र स्वतन्त्रताको रक्षा गर्ने एक मात्र भरोसाको केन्द्र सर्वोच्च अदालत हो । सर्वोच्च अदालतमा पनि अनियमितता, भ्रष्टाचार, इमानदारी, नैतिकता, जवाफदेहिता तथा कानुनको शासनको अभावका रहेको आरोप लाग्नु र विरोध हुनु दुर्भाग्यपूर्ण हो ।

यस्ता आरोप कार्यकारिणी र व्यवस्थापिकामाथि लागे न्यायपालिकाले त्यसमाथि सत्य/तथ्य छानबिन गरी उचित निकास दिनुपर्ने ठाउँमा न्यायालयमै यस्तो बेथिति भएपछि अब जनता न्याय पाउन कहाँ जाने भन्ने प्रश्न उठेको छ । घटनाले सर्वोच्च अदालत आफ्नो संवैधानिक जिम्मवारी र दायित्व पालनामा असफल भएको देखाउँछ । अनियमितता, बिचौलियाको चलखेल र भ्रष्टाचारजस्ता काम अरु देशका अदालतमा हुने गरेको पाइँदैन भने किन यस्ता काम नेपालको अदालतमा भए भन्ने प्रश्न उठ्नु सबैका लागि गहिरो चिन्ता र चासोको विषय बनेको छ । भित्रभित्रै अरु न्यायाधीशहरूको आचरण र व्यवहारबारे पनि विषय उठ्न थालेका छन् ।

यसले न्यायालयभित्र ठूलै किसिमको शुद्धीकरण अभियान चलाउनुपर्ने देखाएको छ । न्यायिक नेतृत्वका लागि यो निकै ठूलो चुनौतीको विषय हो । अयोग्य र असल आचरण र व्यवहार नभएको मानिसलाई न्यायाधीश पदमा नियुक्ति गर्ने प्रवृत्ति बढेकाले यो समस्या आएको हो ।

न्यायालयभित्र हाल देखिएका समस्याका कारणमा न्यायाधीशहरू पहिलो कारण हुन् भने दोस्रो कारणमा राजनीतिक दलहरू र तेस्रो कारणमा सर्वोच्च अदालतका कर्मचारी र कानुन व्यवसायी हुन् । न्यायपालिकालाई विकृत बनाउनेमा यी सबैको हात र भूमिका छ । सर्वोच्च अदालतभित्र जे भइरहेको छ, तिनले अदालत र न्यायमूर्तिहरूको साख र गौरव बढाउनुको सट्टा घटाइरहेका छन् ।

'न्याय नपाए गोरखा जानू' भन्ने उक्ति गोरखामा सन् १६३९ देखि १६६६ सम्म राज्य वा शासन गरेका राजा राम शाहले बसालेका थिए । त्यतिबेला उनको न्याय निसाफ दिने कला र शैली एसिया महाद्वीपमै फैलिएको थियो भन्ने ऐतिहासिक अभिलेखमा पढ्न पाइन्छ । आधुनिक विधिशास्त्रको विकासका लागि यो पनि एउटा महत्वपूर्ण आधारशिला हो भन्ने मान्नुपर्छ र यो उखान पनि व्यवहारमा रहेको देखिन्छ ।

विडम्बनाको कुरा के छ भने आज त्यही गोरखा, राज्यको सर्वोच्च अदालत एक महिनाभन्दा बढी समयदेखि निर्णयविहीन अवस्थामा गुज्रिरहेको छ । आन्तरिक रुपमै कलह र वैमनस्यबाट पीडित हुन पुगेको छ । यस अवस्थामा न्याय पाउन पीडितलाई गाह्रो परेको छ । ढिलो न्याय दिनु भनेको न्याय नदिनु पनि हो । अदालत आफैं न्याय दिन सक्दैन भने अदालत गठन गर्नुको के अर्थ रहन्छ र ?

*- बाँकी पृष्ठ ३ मा...*

# म्युजिक भिडियोको टिजर सार्वजनिक गर्ने क्रम बढ्यो





काठमाडौं/सोमबार
'राजा रानी'बोलको गीतको टिजर युट्युबमा सार्वजनिक गरिएको छ । शान्तिश्री परियार र बाबुकृष्ण परियारको स्वर, सुनिल क्षेत्री र गीता ढुंगानाको अभिनय रहेको गीतको पूरा भिडियो भने शुक्रबार सार्वजनिक हुँदैछ । भिडियोलाई सुनिल क्षेत्रीले निर्देशन गरेका छन् ।

सोमबार नै सेलो गीत 'डम्फुमा सेलो'को टिजर युट्युबमा सार्वजनिक गरिएको छ । मिङ्स लामाको स्वर रहेको गीतको टिजरमा विजय लामा, पल शाह र सुमी मोक्तानको अभिनय देखिन्छ । युवराज वाइबाको निर्देशन रहेको यो गीतको पूरा भिडियो भने केही दिनमा सार्वजनिक गर्ने जनाइएको छ ।

दुई दिनअघि प्रमोद खरेलको स्वर तथा विक्रम बुढाथोकी, प्रनिशा गुरुङ, नयन सिंहको अभिनय रहेको 'घोषणा' गीतको टिजर सार्वजनिक गरिएको छ । विक्रम चौहानको निर्देशन रहेको म्युजिक भिडियो बुधबार सार्वजनिक हुँदैछ ।

अञ्जु पन्त र शिव परियारको स्वर, पल शाह र कविता रायको अभिनय रहेको 'हेरेर तिमीलाई'को पनि केही दिन अगाडि टिजर सार्वजनिक गरिएको थियो । काजिश श्रेष्ठको निर्देशन रहेको यस गीतको पूरा भिडियो सार्वजनिक भइसकेको छ । यी केही उदाहरण हुन् । पछिल्लो समय चलचित्रको जस्तै म्युजिक भिडियोको पनि टिजर सार्वजनिक गर्ने प्रचलन बढेको छ ।

**किन बढ्यो टिजर सार्वजनिक गर्ने क्रम ?**

केही वर्ष अगाडिसम्म टेलिभिजनमा म्युजिक भिडियोको प्रोमो बजाउने चलन थियो । त्यतिबेला म्युजिक भिडियोको पोष्टर ल्याइँदैनथ्यो । विस्तारै चलचित्रको जस्तै म्युजिक भिडियोको पनि पोष्टर सार्वजनिक गर्ने क्रम शुरु भयो । अहिले अधिकांश म्युजिक भिडियोको पोष्टर सार्वजनिक गरिन्छ । टेलिभिजनमा प्रोमो बजाउने प्रचलन हटेसँगै फाट्टफुट्ट रुपमा म्युजिक भिडियोको टिजर सार्वजनिक हुन्थे । तर, कोरोना महामारीयता म्युजिक भिडियोको टिजर सार्वजनिक गर्ने क्रम ह्वात्तै बढेको भिडियो निर्देशकहरु बताउँछन् । निर्देशक काजिश श्रेष्ठ म्युजिक भिडियो निर्माण टिमको रहरका कारण टिजर सार्वजनिक हुने गरेको बताउँछन् ।

अहिले म्युजिक भिडियोमा महंगो लगानी गरी आकर्षक लोकेसनमा खिच्न लगानीकर्ताहरु इच्छुक हुने र पोष्टर, टिजर सार्वजनिक गरेपछि मात्रै भिडियो सार्वजनिक गर्ने उनीहरुको योजना हुने गरेको उनले बताए । यद्यपि, यसो हुनुको पछाडि देखासिकी पनि कारण रहेको श्रेष्ठको भनाइ छ । अलिकति मेहनत गरिएका र अपेक्षा गरिएका गीतको टिजर सार्वजनिक हुने गरेको उनले बताए । 'मेहनत गरिएको भिडियोका मुख्य-मुख्य दृश्य देखाउँदा पूरा भिडियो हेरिदिन्छन् कि भन्ने आश र टिजरमा यति राम्रो कुरा छ, भिडियो कस्तो होला भन्ने दर्शकमा उत्सुकता हुन्छ होला भनेर टिजर सार्वजनिक गर्ने गरिन्छ,' उनले भने । हरेक भिडियोको पोष्टर भने अहिले अनिवार्यजस्तै बनेको उनले बताए ।


निर्देशक शिव विक पनि पोष्टर हुँदै अहिले टिजर सार्वजनिक गर्ने प्रचलन बढेको बताउँछन् । उनले कोरोना महामारीका कारण चलचित्र क्षेत्र ठप्प हुँदा म्युजिक भिडियोमा टिजर सार्वजनिक हुने क्रम बढेको बताए ।

भिडियोबारे केही जानकारी दिन टिजर सार्वजनिक गर्ने गरिएपनि टिजरअनुसार भिडियो आफूले नपाएको विकले बताए । आफ्ना केही भिडियोको टिजर सार्वजनिक गरिएको भएपनि ५ मिनेटको म्युजिक भिडियोमा टिजर सार्वजनिक गर्नु त्यति आवश्यक नरहेको आफूलाई लाग्ने उनको भनाइ छ ।

उनले अगाडि भने, 'टिजर बनाउनुपर्छ जस्तो मलाई लाग्दैन । कसैले बनाइदेऊ भन्दा बनाउनै पर्‍यो ।' उनी पनि अहिले चलचित्र नहुँदा म्युजिक भिडियोलाई बढी प्रमोसन गरिएको बताउँछन् ।

- अनलाईनखबर

# प्रविधिको प्रयोग गर्दै छरितो सेवा दिन निर्देशन



गण्डकी (रासस)/
गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नविनतम प्रविधिको प्रयोग गर्दै सेवाग्राहीलाई छरितो रुपमा सेवा प्रदान गर्न कर्मचारीलाई निर्देशन दिएका छन् ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा चौँथौं र पाँचौ तहका कर्मचारीका लागि आयोजित सेवाकालीन तालिमको सोमबार उद्घाटन गर्दै उनले पुराना ढङ्डा पल्टाएर बस्ने बेला गइसकेको भन्दै कार्यालय व्यवस्थापन र सेवा प्रवाह दुवै पक्षको ख्याल गरेर काम गर्न आग्रह गरे । सरकारको नेतृत्व फेरबदल भए पनि कर्मचारीतन्त्र स्थायी सरकार भएकाले गुनासो नआउने गरी प्रभावकारी काम गर्न उनले आग्रह गरे ।

तालीमले कर्मचारीको वृत्ति विकासमा सघाउने भएकाले त्यहीअनुसार उपयोग गर्नुपर्ने बताउँदै उनले प्रदेश सरकार बजेटको सीमितताबीच अगाडि बढिरहे पनि कर्मचारीको क्षमता अभिवृद्धिका लागि कुनै कन्जुस्याइँ नगरेको बताए । मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कुमालले तालिममा जुनसुकैले पनि ज्ञान, सीप र व्यहारमा परिवर्तन गर्ने शैली सिक्ने भएकाले त्यसको अधिकतम उपयोग गर्नुपर्नेमा जोड दिए । मुख्यन्यायाधिवक्ता रोहितराज बाँस्तोलाले सेवाग्राही पहिला सहायकस्तरका कर्मचारीसँग सम्पर्कमा आउने भएकाले नरम र सहज व्यवहार प्रस्तुत गर्न आग्रह गरे । संघीय शासन प्रणालीमा तीन तहका सरकारबीच समन्वयकर्ताको भूमिका कर्मचारीले निभाउनुपर्ने भन्दै उनले कर्मचारीमाथि सरकारले गरेको लगानीको सही नतिजा आउनुपर्ने आवश्यकता औँल्याए । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सहायकस्तरका कर्मचारीका लागि थालेको ३० कार्यदिने तालीममा कार्यालय सञ्चालन तथा व्यवस्थापनका बारेमा शैद्धान्तिक व्याहारिक पक्षका विषयमा प्रशिक्षण दिइने जानकारी दिए । कर्मचारीको ज्येष्ठताका आधारमा मापदण्ड बनाएर कर्मचारी छनोट गरिएको र पहिलो चरणमा ६० जना छानिएको बताउँदै उनले १२० जनालाई यो तालीम प्रदान गरिने बताए । तालिममा ११ जिल्लामा संघ, प्रदेश र स्थानीय तहका कार्यालयका कर्मचारी सहभागी छन् ।

बीस महिना अघि स्थापित प्रतिष्ठानले पाँचवर्षे रणनीति बनाएर त्यहीअनुसार अगाडि बढेको र दुई वर्ष भित्रमा सुविधा सम्पन्न भवन निर्माण गरी प्रशिक्षण र अनुसन्धानमा प्रतिष्ठानलाई अब्बल बनाउने उनले प्रतिबद्धता व्यक्त गरे ।

# भागबण्डा, भ्रष्टाचार...

सर्वोच्च अदालतकै हालत यस्तो छ भने उच्च अदालत र जिल्ला अदालतहरूको कार्यशैली, सोच र व्यवहार कस्तो होला सहजै अनुमान गर्न सकिन्छ ।

सर्वोच्च अदालतभित्र उठेका प्रश्नहरूको समाधानका तीनवटा उपाय देखिन्छन् । पहिलो उपाय आफूमाथि गम्भीर आरोप लागेपछि प्रधानन्यायाधिशले इमानदारी, नैतिकता र जवाफदेहिताको आधारमा राजीनामा दिएर यथार्थ अवस्थाबारे छानबिन र जाँच गर्न मार्ग प्रशस्त गर्नु राम्रो हुन्छ । यसले सम्मानित सर्वोच्च अदालतलाई शुद्धीकरण गर्न निकै ठूलो सहयोग गर्ने देखिन्छ ।

दोस्रो उपाय भनेको प्रधानन्यायाधीशमाथि संविधानको व्यवस्थाअनुसार पद अनुकूलको आचरण नगरेको भनी महाअभियोग प्रस्ताव ल्याई पदमुक्त गर्न सकिन्छ । तर यो अवस्था तत्काल आउन सक्ने देखिँदैन ।

तेस्रो उपाय भनेको सामाजिक सञ्जाल, सरोकारवाला समाज र नागरिकस्तरबाट विरोध र असहयोगबाट पदमुक्त गर्न सकिन्छ । यो अवस्था भर सक आउन दिनु देश, व्यवस्था र न्यायपालिकाको हितका लागि वाञ्छनीय हुँदैन । यसले कसैलाई पनि राम्रो गर्दैन ।

उपर्युक्त तीन विकल्पमध्ये पहिलो विकल्प अवलम्बन गर्दा सर्वोच्च अदालत ठीक ढंगले सच्चिएर अगाडि बढ्न सक्छ । यसको साथै अरु न्यायमूर्तिहरू पनि गलत सोच र शैली तथा आचरणका छन् भने उनीहरू पनि पन्छिन वा सच्चिन आवश्यक देखिन्छ । न्यायपालिकालाई कसैले पनि धूमिल बनाउन पाइँदैन भन्ने बुझ्नु जरुरी छ । न्यायाधीश पदमा नियुक्त भइसकेपछि इमानदार नैतिकवान्, जवाफदेही, निर्भय र संविधान कानुनसम्मत् रूपले काम गर्न सकेमा सर्वोच्च अदालतको मानसम्मान र गौरव बढ्न पनि मद्दत पुग्छ ।

सर्वोच्च अदालतमा विधि र पद्धतिको पालना हुन थाल्यो भने यसले अन्ततः न्यायिक सर्वोच्चता र न्यायिक स्वतन्त्रतालाई पनि बचाउँछ । समस्या समाधान गर्ने सन्दर्भमा अदालतभित्रैबाट र न्यायिक नेतृत्वबाट लचक भएर समाधान गर्न जरुरी देखिन्छ । अब कहिल्यै पनि सम्मानित अदालतभित्र अनियमितता, भ्रष्टाचार र बिचौलियाको दबदबा नरहोस् भनी समस्या समाधान गर्न सबै पक्ष इमान्दार भएर लाग्न जरुरी देखिन्छ ।

न्यायालयभित्रको बेथितिले अदालतको सम्मानमा धेरै चोट पुगेको छ । यो समस्या राष्ट्रभित्र मात्रै नरहेर अन्तर्राष्ट्रिय क्षेत्रसम्मै पुगेको अवस्था छ । अब यसलाई लम्बिन दिनु कसैको पनि हितमा छैन । पद ठूलो कुरा होइन, अनुशासन, आचरण र व्यवहार, इमानदारी, नैतिकता, जवाफदेहिता र सर्वोच्च अदालतको सम्मान र गौरव जोगाउनु ठूलो कुरा हो । यसतर्फ सबैको ध्यान जान सकोस् । न्यायाधीशहरू साँच्चिकै न्यायमूर्ति बन्न सकून् । न्याय नपाए गोरखा जानु भन्ने राम शाहको उक्तिलाई कायम गर्न सफल बनून् । यही शुभकामना छ ।

- सभारः इकागज

# एमाले महाधिवेशन प्रतिनिधिको विवरण केन्द्रीय कार्यालयमा





काठमाडौं (रासस)/
नेकपा (एमाले)को आशन्न दशौं राष्ट्रिय महाधिवेशनका लागि विभिन्न निर्वाचन क्षेत्र र जिल्लाबाट छानिएका प्रतिनिधिको विवरण सो पार्टीको केन्द्रीय कार्यालयमा पठाउने क्रम जारी रहेको छ ।

एमालेले छानिएका प्रतिनिधिको विवरण आजसम्ममा केन्द्रीय कार्यालयमा पठाउन निर्देशन दिएको थियो । प्रतिनिधि चयनका लागि देशभर यही कात्तिक २७ गतेको मिति तय गरिएकामा सो दिन अधिकांश जिल्लाबाट सर्वसम्मत रुपमा प्रतिनिधि छानिएका थिए भने बाँकी रहेका स्थानमा पनि निर्वाचन पनि सहमतिबाट छानिएर विवरण आउन थालेको छ ।

पार्टीले निर्धारण गरेको मापदण्डअनुसार खुल्ला, महिला र उत्पीडित समुदायबाट प्रतिनिधिको छनोट गरिएको छ । हालसम्म केन्द्रीय विभाग, प्रदेश कमिटी, जिल्ला कमिटी, विशेष जिल्ला कमिटी, जनसंगठन र प्रवासबाट गरी ९० प्रतिशतको हाराहारीमा प्रतिनिधि निर्वाचित भइसकेको एमालेको केन्द्रीय कार्यालयका सचिव शेरबहादुर तामाङले जनाए । प्रतिनिधि चयन भएकाको विरणलाई डिजिटलरुपमा अभिलेखीकरण गरिनेछ ।

गत असोजमा विधान महाधिवेशन सम्पन्न गरेको एमालेले नयाँ नेतृत्व चयनका लागि आगामी मंसिर १० देखि १२ गतेसम्म चितवनको सौराहमा राष्ट्रिय महाधिवेशन गर्दैछ । सो पार्टीले एक हजार ९९९ प्रतिनिधि चयन हुने जनाएको छ । त्यसको पाँच प्रतिशतसम्म मनोनित प्रतिनिधि हुन सक्नेछन् ।

# न्याय क्षेत्रमा बढ्दैछ महिलाको आकर्षण



काठमाडौं (रासस)/
राज्यका प्रत्येक निकायमा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने व्यवस्था भए पनि न्याय क्षेत्रमा अहिले पनि महिलाको संख्या न्यून छ । पछिल्लो समयमा भने महिला आकर्षण केही बढेको देखिएको छ ।

समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्थासहितको नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको करिब १५ वर्ष पुगेको छ । अहिलेसम्म पनि व्यवस्थापिकाबाहेक कार्यपालिका र न्यायपालिकामा महिलाको समानुपातिक र समावेशिताको सिद्धान्तअनुरुप महिला हक सुनिश्चितता भने भएको देखिँदैन ।

कानुन व्यवसाय गर्नका लागि अनुमति दिने संस्था नेपाल कानुन व्यवसायी परिषद्को २०७८ साल कात्तिक १६ गतेसम्मको तथ्यांकअनुसार कानुन व्यवसायीको प्रमाणपत्र लिएका कानुन व्यवसायीहरू वरिष्ठ अधिवक्ता कूल ४४८ रहेका छन् । यसमध्ये महिला २८ जना छन् । त्यो भनेको ६.२५ प्रतिशत हो ।

त्यस्तै, पुरुष ४२० रहेका छन् । अधिवक्ताहरू कूल १८ हजार ९५१ मध्ये महिला दुई हजार ९६४ रहेका छन् । यो संख्या १५.६४ प्रतिशत हो । पुरुष १५ हजार ९८७ रहेका छन् । त्यसअघिको परिषद्को तथ्यांकलाई हेर्दा २०६० सालमा महिला कानुन व्यवसायीको संख्या ६८२ थियो । त्यो संख्या विसं २०७० मा आउँदा एक हजार ४१६ पुगेको देखिन्छ । हाल महिलाको संख्या बढेर दुई हजार ९६४ पुगेको छ । यसरी हेर्दा कानुन व्यवसायीमा महिलाको आकर्षण बढ्दै गएको देखिन्छ ।

नेपालका प्रथम कानुन व्यवसायी शान्तिदेवी थापा हुन् । उनले अभिकर्ताका रूपमा काम गरेका थिए । नेपालको प्रथम अधिवक्ता, वरिष्ठ अधिवक्ता तथा सर्वोच्च अदालतको न्यायाधीश सुशीला सिंह शिलु थिए ।

**कमाउँछु भनेर महिला आएका छैनन् : वरिष्ठ अधिवक्ता पाठक**

न्याय क्षेत्रमा प्रवेश गर्ने ढोकाका रूपमा नेपाल कानुन व्यवसायी परिषद्को प्रमाणपत्र लिने महिलाको संख्या १६ प्रतिशत पुगेबाट पनि न्याय क्षेत्रमा महिलाको आकर्षण बढ्दै गएको देखिन्छ । विगतमा भन्दा अहिले न्यायमा आकर्षण बढ्दै गएको छ भने आगामी दिनमा अझ महिला सहभागिता बढ्ने वरिष्ठ अविधक्ता उषा मल्ल पाठकको बुझाइ छ ।

"न्याय क्षेत्रमा महिला सहभागिता कम छ, राज्यको अरू निकायमा पनि ३३ प्रतिशत नै त छैन, व्यवस्थापिकका संसद्मा मात्र हो," उनले भने, "न्याय क्षेत्रमा महिला सहभागित कम नै छ, जिल्ला अदालतमा परीक्षा दिएर आउन सक्ने संवैधानिक व्यवस्था छ, महिलालाई आउन बाटो खुलेको छ ।"

न्याय सेवामा अलि बढी मेहनत गर्न जरुरी पर्छ । नयाँ आउने पुस्ताहरूको आकर्षण न्यायमा राम्रो छ । आगामी दिनमा राम्रो सहभागिता हुने देखिन्छ । कलेज पढ्दादेखि नै महिलालाई न्यायमा प्रोत्साहन गर्नुपर्ने देखिन्छ । "महिला काममा प्रतिबद्ध हुन्छन्, न्यायमा महिलाले भ्रष्टाचार गरेको आजसम्म सुनिएको छैन," वरिष्ठ अविधक्ता पाठकले थपे, "न्याय क्षेत्रमा गएर कमाउँछु, भ्रष्टाचार गरेर पनि कमाउँछु भनेर महिला आएको देखिएको छैन, बरु क्षमतामा कमी छ भन्ने कहीँकहीं सुनिन्छ ।"

**सरकारी वकिलमा महिला सहभागिता बढ्दो छ : सहन्यायाधिवक्ता पराजुली**

न्याय सेवामा आउने अर्को बाटो भनेको सरकारी वकिल हो । सरकारी वकिलमा पनि पहिला महिला औँलामा गन्न सकिने थिए । अहिले सरकारी वकिल आउने महिलाको संख्या निकै बढेको देखिन्छ । अहिले सरकारी वकिलको सबैभन्दा माथिल्लो तहमा सहन्यायाधिवक्ता रमा पराजुली हुन् । उनले २०५५ सालमा सरकारी वकिलमा शाखा अधिकृतबाट प्रवेश गरेका थिए ।

सरकारी वकिलमा उनी आउँदा नायब महान्यायाधिवक्ता शारदा बज्राचार्य मात्रै हुन् । शारदाको अनिवार्य अवकाशपछि २०६३ सालसम्म शाखा अधिकृत रमा एक्लै थिए । नेपालको संविधान र समावेशी सम्बन्धी लोकसेवा आयोगको कानून आएपछि महिलाको संख्यामा केही वृद्धि भएको छ । "विसं २०५० देखि २०५५ तिर महिलाका लागि एउटा मात्र कोटा थियो, समावेशी नीति आएपछि महिला र पुरुष उत्तिकै रूपमा आउन थालेका छन्," सहन्यायाधिवक्ता पराजुलीले आफ्नो अनुभव सुनाउँदै भने, "पीडिलाई न्याय दिनुपर्छ भनेर महिलाले मुद्दामा ध्यान दिएर अध्ययन गर्दछ, महिलाका मुद्दामा महिलासँग कुरा पनि सहज रूपमा राख्न सक्छ, न्यायिक मन पनि महिलामा अलि बढी भएको जस्तो मलाई लाग्छ ।"

सरकारवादी मुद्दामा पीडितका तर्फबाट बहस गर्ने सरकारी वकिलको काम हो । महिलाहरू जिम्मेवारी र दायित्वप्रति बढी नै सहज भएको अनुभव सुनाउँदै उनले थपे, "महिलाले जिम्मेवारी लिएको ठाउँमा भ्रष्टाचार, अनियमितता र विकृति अहिलेसम्म मैले पाएको छैन, अवसर पाए भने महिलाले न्यायका लागि राम्रो काम गर्न सक्छन् ।"

अदालतमा काम गर्ने (न्याय सेवा) मा काम गर्ने र कानुन सेवा (मन्त्रालय वा अन्यत्र) काम गर्ने पनि बढेको देखिन्छ । न्याय परिषद्का प्रवक्ता मानबहादुर कार्कीको तथ्यांकअनुसार कार्यस्थलमा हेर्दा सरकारी वकिलमा ४०८ छन् । त्यो भनेको १६.८८ प्रतिशत हो । न्याय सेवामा २४२ महिला रहेका छन् । यो सेवामा २१.२६ प्रतिशत छन् । कानुन सेवामा ६९ महिला कर्मचारी रहेका छन् । यो २३.३१ प्रतिशत हो ।

**निरन्तरता र मेहनत चाहिन्छ : उच्च अदालतका न्यायाधीश बस्नेत**

हाल उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासमा कार्यरत न्यायाधीश प्रभा बस्नेतले जीवनको ४० वर्ष न्याय सेवामा बिताए । उनले जिल्ला, उच्च र विशेष अदालतमा न्यायाधीश भएर काम गरेको २५ वर्ष पूरा भएको छ । उनले कुनै दिन पनि इजलासमा बसेर महिला भएको कारण आफूलाई कमजोर भएको वा हेपिएको अनुभव गरेको छैन ।

"म इजलासमा बसेर काम गर्दा महिला वा पुरुष भन्ने फरक मैले पाइनँ, समाजमा न्यायाधीशभन्दा विश्वास गर्दैनथे, तपाईं कि तपाईंको श्रीमान् न्यायाधीश भनेर सोध्थे," उनले आफ्नो काम गर्दाको पुरानो अनुभव सुनाउँदै भने, "तर अदालतमा म महिला हो, अरू धेरै पुरुष छन् भन्ने अनुभव छैन, थोरै महिला न्यायाधीश भएको हुँदा प्रधानन्यायाधीशले पनि सहयोग गर्थे ।"

न्यायाधीश बनेर इजलासमा बस्दा पनि महिलाको मुद्दा आउँदा, अनावश्यक रूपमा महिलाले दुःख पाएको देखेर उनलाई मनभित्र पीडा हुन्छ । "समाजमा महिलालाई मानिस हो भनेर हेरिदिओस् भन्ने जस्तो लाग्छ, स-साना कुरामा महिलालाई दोष देखाइन्छ," साना कुरामा सम्बन्ध विच्छेदको मुद्दा आउने गरेको स्मरण गर्दै भने, "कति निर्दोष महिलाले यतिकै दुःख पाएका छन् भन्ने लाग्छ, यति सन्दुर संसार छ, महिला पुरुष दुवैले बराबरीरूपमा बाँच्न पाउनुपर्छ भन्ने मलाई लाग्छ ।"

उनलाई समस्या गरिबीमा नभई व्यवहारमा भएको जस्तो लाग्छ । समाजमा अहिले पनि श्रीमती वा महिला भनेपछि हेप्नैपर्छ भन्नेजस्ता सोच्छन् । त्यो कुराले उनलाई धेरै पटक चित्त दुखेको छ । न्याय क्षेत्रमा प्रवेश गर्न महिलालाई लोकसेवा पास गर्न गाह्रो छ । पछिल्लो समयमा कानुन व्यवसायीबाट पनि राम्रा महिला आएका छन् तर सङ्ख्याको हिसाबले हेर्दा कम नै छैन । सबै जातजातिका मानिसहरू अझै पनि न्याय क्षेत्रमा आउन सकेको देखिँदैन ।

अदालतमा काम गर्ने महिला न्यायाधीशहरूको संख्या पनि न्यून नै रहेको छ । सर्वोच्च अदालतमा कूल दरबन्दी २१ रहेको छ । न्याय परिषद्को यही कात्तिक २२ गतेसम्मको तथ्यांकअनुसार हाल २० न्यायाधीश कार्यरत छन् । त्यसमध्ये तीनजना महिला न्यायाधीशमा मीरा खड्का, सपना मल्ल प्रधान र सुष्मालता माथेमा हुन् । यो संख्या १५ प्रतिशत मात्र हुन्छ ।

नेपालको संविधान अनुसार तीन तहको न्यायालयको व्यवस्था छ । सर्वोच्च, उच्च र जिल्ला अदालत । सात प्रदेशमा सातवटै उच्च अदालत रहेका छन् । तीमध्ये एउटा उच्च अदालतमा महिला मुख्य न्यायाधीश हुन् ।

उच्च अदालत तुलसीपुरको मुख्यन्यायाधीशमा नीता गौतम दीक्षित हुन् । उच्च अदालतमा कूल दरबन्दी १५३ मा अहिले १४५ जना हुन् । त्यसमध्ये महिला २० हुन् । त्यो भनेको १४ प्रतिशत हो । जिल्ला अदालतमा कूल दरबन्दी २७२ रहेकामा २४६ कार्यरत छन् । त्यसमध्ये ११ जना महिला जिल्ला न्यायाधीश रहेका छन् । यो ४.४७ प्रतिशत मात्र हो । सर्वोच्च, उच्च र जिल्लामा कूल ३५ जना महिला न्यायाधीश रहेका छन् । न्यायाधीशको कूल दरबन्दी ४५३ मा महिला न्यायाधीश ७.७२ प्रतिशत मात्रै रहेको देखिन्छ ।

**महिला न्यायाधीशमा न्यायिक भावना हुन्छ : पूर्वप्रधानन्यायाधीश सुशीला कार्की**

नेपालका प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीलाई न्याय सम्पादनमा महिलाको अलि बढी न्यायिक मन हुने र काममा बढी ध्यान दिने अनुभव छ । "न्यायालय र सरकारले पनि महिलालाई यो क्षेत्रमा आउन प्रोत्साहन गर्नुपर्छ तर त्यो देखिएको छैन," पूर्वप्रधानन्यायाधीश कार्कीले भने, "महिला न्यायाधीशमा अलि बढी न्यायिक भावना हुन्छ, महिला दया, माया, करुणाका खानी पनि हुन्छ, बढो सोचेर विचार गरेर फैसला गर्छन्, ट्र्याकबाट बाहिर पनि जाँदैनन् ।"

काम गर्दा चुनौतीहरू आउने भए पनि त्यसको सामना गर्दै अघि बढ्नुपर्ने उनको सुझाव छ ।

कानुन व्यवसायीबाट आएका पूर्वप्रधानन्यायाधीश कार्कीले सर्वोच्च अदालतमा करिब ९ वर्ष काम गरे । त्यसमध्ये उनले प्रधानन्यायाधीशका रूपमा ११ महिना काम गरे । "प्रधानन्यायाधीश भएर काम गर्दा चुनौती सामना गर्न सक्नुपर्छ, मुलुकको प्रथम महिला प्रधानन्यायाधीशको पदमा रहेर न्याय सम्पादन गर्दा कठिनाइहरू त आए," उनले आफ्नो काम गर्दाको अनुभव सुनाउँदै भने, "प्रधानन्यायाधीश हुँदा प्रशासनिक काम र मुद्दाका काम दुवै काम गर्नुपर्छ, जिम्मेवारी प्रशस्त हुन्छ, न्यायाधीश हुँदा अरू कामहरू हुन्छन् ।"

उनले आफ्नो अनुभव सुनाउँदै भने, "म प्रधानन्यायाधीश हुँदा महिला प्रधानन्यायाधीश हुने क्षमता राख्न सक्दैनन् भन्ने सोच थियो तर मैले काम गरेर देखाएँ, अहिले त्यस्तो छैन ।" अहिले प्रशस्त महिलाहरू वकालतको क्षेत्रमा आएको र न्याय सेवामा पनि धेरै आएकोप्रति उनलाई खुसी लाग्छ । अनि आएका सबै महिलालाई क्षमतावान् बनाउनुपर्छ भन्ने उनलाई लाग्छ ।

"कतिपय मुलुकमा ५०/६० प्रतिशत महिलाले यो सेवामा काम गरिरहेका छन्, नेपालमा कम छ, भारतमा पनि कम छ, तर चीनमा बढी छ," उनले आफू चीन भ्रमणको स्मरण सुनाउँदै भने । "म चीन भ्रमणमा गएको थिएँ, मैले त्यहाँका प्रधानन्यायाधीशसँग कुरा गर्दा चीनमा धेरै महिला न्यायाधीशले काम गर्छन् र उनीहरूको कार्यसम्पादन असाध्यै राम्रो छ भनेको थियो, त्यहाँ महिलालाई काम दिएमा समयमै काम पूरा भएको पाइएको थियो," उनले भने ।

"महिलाले भ्रष्टाचार गर्दै गर्दैनन् भन्ने त होइन तर अलि व्यावहारिक हुन्छन्, घरको खर्चमा कम गर्दछन् लगनशील र मेहनती हुन्छन्," उनको कार्यअवधिमा महिला न्यायाधीशले भ्रष्टाचार गरेको कहीँ नपाएको उनको अनुभवसहित उनले भने । न्याय क्षेत्रमा आउन महिला झिजो मान्ने गरेको उनको अनुभव छ । "काममा अलि बढी खट्नुपर्ने हुन्छ, अरू कार्यालयमा जस्तो १०-५ को जागिर हुँदैन, प्रत्येक दिन जतिबेला पनि अदालतकै बारेमा सोच्नुपर्ने हुन्छ," उनले जोडे, "घर परिवार भन्न पाइँदैन, फैसला आदेश लेख्ने काम घरमा जान्छ, परिवारले सहयोग गर्नुपर्ने हुन्छ, नन्द, अमाजू आदिले सहयोग गर्नुपर्ने हुन्छ ।"

**न्यायमा बढी महिला भए बेथिति कम हुन्छ :**

समाजशास्त्री डा ढुंगाना समाजमा न्याय क्षेत्रमा काम गर्ने कानून व्यवसायी, न्यायमा काम गर्ने कर्मचारी र न्यायाधीश भनेपछि हेर्ने छुट्टै सुन्दर नजर हुन्छ । अलि बढी फुर्तिला र बौद्धिक जस्तो पनि लाग्छ समाजशास्त्री डा शोभा ढुंगानालाई । उनलाई न्यायमा महिला सहभागिता बढाउनुपर्छ भन्ने लाग्छ ।

"पितृसत्ता भएको देशमा महिला नै बढी पीडित हुन्छन्, महिलाको समस्या महिलाले बुझ्छन्, न्यायलयमा महिला बढी भएमा अहिलेको जस्तो बेथिति पनि कम हुन्छ," उनले महिला न्याय क्षेत्रमा जरुरी भएको उल्लेख गर्दै भने, "महिलाको संख्या बढी भएको भए यस्तो अवस्था हुने थिएन, महिलामा अलि बढी न्यायिक मन हुन्छ, सोचेर विचार गरेर अध्ययन गरेर मात्र महिलाले फैसला गर्छन ।"

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै
दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राप्रपा बागमती प्रदेश समितिमा थापा

साझाकुरा संवाददाता



हेटौंडा/राष्ट्रिय प्रजातन्त्र पार्टीले सातै प्रदेशमा जिम्मेवारी बाँडफाँड गरेको छ । राप्रपा बागमती प्रदेशमा बिक्रमबहादुर थापा सर्वसम्मत चयन भएका छन् ।

सातवटै प्रदेशमा एकसाथ सुरु भएको राप्रपाको प्रदेश अधिवेशनबाट सोमबार थापा अध्यक्ष चुनिएका हुन् । केही प्रदेशमा सर्वसम्मत र केही प्रदेशमा मतदानबाट नेतृत्व चयन भएको राप्रपाले जनाएको छ ।

पार्टीको महाधिवेशन प्रचार समितिका संयोजक मोहन श्रेष्ठका अनुसार प्रदेश १ मा भक्ति सिटौलालाई पराजित गर्दै राम थापा प्रदेश अध्यक्ष निर्वाचित भएका छन् । गण्डकी प्रदेशमा मदनबहादुर कार्कीलाई पराजित गर्दै हेमजङ गुरुङ र लुम्बिनी प्रदेशमा ऋषिराज देवकोटालाई पराजित गर्दै प्रदीपकुमार उदय अध्यक्ष बनेका छन् ।

प्रदेश २ मा भरत गिरी, बागमती प्रदेशमा विक्रम बहादुर थापा, कर्णाली प्रदेशमा दीप-बहादुर शाही र सुदूरपश्चिम प्रदेशमा धर्मराज जोशी सर्वसम्मत अध्यक्ष चयन भएका छन् । राप्रपाले आइतबार एकै दिन सातवटै प्रदेशको अधिवेशन आयोजना गरेको थियो ।

पहिलोपटक सक्रिय सदस्यबाट महाधिवेशन प्रतिनिधि चयन गरेर राप्रपाले ११, १२ र १३ मंसिरमा काठमाडौंमा महाधिवेशन गर्दै छ । ३, ४ र ५ मंसिरमा राप्रपाका महाधिवेशन प्रतिनिधि छनोट हुने कार्यतालिका रहेको श्रेष्ठले जानकारी दिए ।

# चाडपर्वमा घट्यो विप्रेषण

**तीन महिनासम्ममा दुई खर्ब ३९ अर्ब ३२ करोड बराबर मात्रै विप्रेषण आएको छ । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.७ प्रतिशतले कमी आई दुई अर्ब दुई करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ९६.८ प्रतिशतले घटेको थियो ।**

काठमाडौं (रासस)/ चालु आर्थिक वर्षको तीन महिनामा विप्रेषण आयात ७.६ प्रतिशतले कमी आएको छ ।

श्रम गन्तव्य मुलुकमा कोरोनाको कहर सामान्य बन्दै गए पनि विप्रेषण आप्रवाह भने ओरालो लागेको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको विवरण अनुसार चालु आर्थिक वर्षको तीन महिनासम्ममा दुई खर्ब ३९ अर्ब ३२ करोड बराबर मात्रै विप्रेषण आएको छ ।

दसैं, तिहारजस्ता चाडपर्वमा सामान्यतया विप्रेषण आप्रवाह बढ्ने गरेको पाइए पनि यस पटक भने घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १२.७ प्रतिशतले बढेको थियो । सो अवधिमा दुई खर्ब ५८ अर्ब ८६ करोड बराबरको विप्रेषण भित्रिएको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.७ प्रतिशतले कमी आई दुई अर्ब दुई करोड कायम भएको छ ।

अघिल्लो वर्ष यस्तो आप्रवाह ७.६ प्रतिशतले बढेको थियो । सो अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्यरूपमा वृद्धि भई ६६ हजार ३१६ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ९६.८ प्रतिशतले घटेको थियो ।

त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुन:श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा उल्लेख्यरुपमा वृद्धि भई ३४ हजार ८२३ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७८.६ प्रतिशतले घटेको थियो । सो अवधिमा खुद ट्रान्सफर ८.१ प्रतिशतले कमी आई दुई खर्ब ६३ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १०.२ प्रतिशतले बढेको थियो ।

# बागमतीमा वडा स्तरीय फुटबल

साझाकुरा संवाददाता



हेटौंडा/जिल्लाको उत्तरी क्षेत्रस्थित बागमती गाउँपाकिलामा वडा स्तरीय फुटबल प्रतियोगिता आयोजना भएको छ ।

गाउँपालिका केन्द्रसमेत रहेको बागमती-४ झुरझुरे खेलमैदानमा प्रतियोगिताको उद्घाटन गरिएको छ । खेलाडी उत्पादन गर्ने उद्देश्यले आयोजित प्रतियोगिता बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले उद्घाटन गरेकी हुन् ।

वडा स्तरीय फुटबलमा १२ वटा समूहले सहभगिता जनाएका छन् । आयोजक र वडा नम्बर १ बोटगाउँ उद्घाटन खेलमा भिडेका छन् । खेलमा आयोजक ४-१ गोल अन्तरले विजयी भएको छ ।

प्रतियोगिताको विजेता टोलीले नगद ६० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र पाउने छन् । उपविजेता हुने टोलीले नगद ३० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र पाउने आयोजकले जनाएको छ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद २ हजार र विधागततर्फ ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ ।

कार्यक्रममा बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, उपाध्यक्ष धनमाया स्याङतान, गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत दीलिपकुमार श्रेष्ठ, नेकपा माओवादी केन्द्र जिल्ला पार्टी सचिवालय सदस्य ज्ञानसागर भोलन, बागमती गाउँपालिका खेलकुद विकास समिति अध्यक्ष भीम राई, नेकपा माओवादी केन्द्र बागमती गाउँपालिकाका अध्यक्ष अरुण बल, वडा नम्बर २ का अध्यक्ष जगतबहादुर भोलन, वडा नम्बर ३ का अध्यक्ष बलबहादुर पाखिन, वडा नम्बर ४ का अध्यक्ष रहरसिं थिङ, वडा नम्बर ५ का अध्यक्ष बुद्धिमान पाखिन, वडा नम्बर ६ का अध्यक्ष ध्रुव थापा, वडा नम्बर ७ का अध्यक्ष दिल्ली प्रसाद घोरासैनीलगायतको आतिथ्यता थियो ।

# सकियो विज्ञान लेखन तालिम

साझाकुरा संवाददाता



हेटौंडा/हेटौंडामा आयोजित तीन दिने विज्ञान लेखन तालिम मंगलबार समापन गरिएको छ ।

मकवानपुरका विभिन्न सञ्चारमाध्यममा आवद्ध संचार कर्मीका लागि विज्ञान, वनस्पती अनुसन्धान र क्षेत्रमा पत्रकारिताको माध्यमबाट चलाइने कलम र समाचार लेखन विषय सम्बन्धि लेखन बृद्धि तालिम भएको हो ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को आयोजनमा आइतबार बाट सुरु भएको तालिम मंगलबार समापन भएको हो । नास्टका सचिव प्रा.डा महेश कुमार अधिकारीको अध्यक्षतामा तालिमको समापन गरिएको थियो ।

तीन दिने तालिममा विज्ञान र वातारण क्षेत्रमा लामो समय कलम चलाउनुभएका वरिष्ठ पत्रकार केदार शर्मा र वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुलीले नेपालमा विज्ञान क्षेत्रको पत्रकारिता, लेखनशैली, खोज मुलक अनुसन्धान, वनस्पती अनुसन्धानका विषयमा आफ्नो अनुभवका साथै कार्यपत्र प्रस्तुती दिएका थिए ।

नास्टका सचिव नेपालका लागि च्याउको विशेषज्ञ प्रा.डा महेशकुमार अधिकारीले नेपालमा पाइने च्याउ र त्यसको विषयमा गरिएको अनुसन्धानका बारे जानकारी दिनुका साथै नेपालमा रहेका वनस्पती बारे जानकारी दिए । तालिम पश्चात सहभागिको तर्फबाट अम्बिका बस्नेत र बलराम पुडासैनीले आफ्ना भनाइ राख्दै धन्यवाद व्यक्त गरेका थिए ।

तालिमका मकवानपुरका २२ जना सञ्चारकर्मीहरुको सहभागीता रहेको थियो । समापन कार्यक्रममा टोनी हेगन फाउन्डेसनका प्रा.डा प्रमोदकुमार झा, लेखक बसन्त थापा, बरिष्ठ पत्रकार केदार शर्मा, बनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुली, नास्टका प्रवर्द्धन तथा प्रचार महाशाखा प्रमुख लुना ब्रजलगायतको उपस्थिति रहेको थियो ।

# नेप्सेमा उच्च अंकको वृद्धि

काठमाडौं (रासस)/ धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज उच्च अंकले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार हुने साताको तेस्रो दिन नेप्से ६९.२२ अंकले बढेर दुई हजार ७८४.५७ मा पुगेको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १४.९२ अंकले बढेर ५२१.४६ मा पुगेको छ । नेप्सेमा सुधार भए पनि कारोबार रकम भने औसतमा रहेको छ ।

कूल २२७ कम्पनीको एक करोड ९३ हजार २२१ कित्ता शेयर पाँच अर्ब ५२ १६ करोड ५० लाख ८५७ मूल्यमा खरिद बिक्री भए । नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहको शेयर नै उकालो लागेको छ । बैंकिङ ३४.३९, व्यापार ६३.४२, होटल तथा पर्यटन ७०.६, विकास बैंक १११.२४, जलविद्युत् १६४.२ अंकले बढेको छ ।


**चितवन मेडिकल कलेज, CMC भरतपुरका**
**वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ**

**डा. प्रकृति सिटैला**

**अब**

**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै:-
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- महिनावारी गडबडी हुने
- सेतो पानी बग्ने
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुमको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र आजै आफ्नो नाम दर्ता गर्नुहोला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि,**

फोन नं.:०५७-५२०३१५, ५२०५७०, साथै प्रत्येक दिन HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा ।



२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

**बागमती प्रदेश जनगणना कार्यालय,**
**हेटौंडा, मकवानपुर**

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८


प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
**मकवानपुर, हेटौंडा**

## प्रविधि (औद्योगिक उत्पादनसँग सम्बन्धित उपकरण तथा मेशिन औजार) हस्तान्तरणका लागि प्रस्ताव आव्हानको सूचना

(प्रकाशित मिति:२०७८/०८/०१)

चालू आ.ब.०७८/७९ का लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु कार्यान्वयन गरिने भएकाले यस कार्यालयमा दर्ता भइ संचालनमा रहेका उद्योगका इच्छुक उद्यमीहरुलाई देहाए बमोजिमका कागजात संलग्न गरी यो सूचना प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक प्रस्ताव निवेदन पेश गर्नुहुन यो सूचना आव्हान गरिएको छ ।

| क्र.सं. | सूचना नं | कार्यक्रम | आवेदन साथ पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | ०१।०७८।७९ | नवउद्यमी(दर्ता गरेको ५वर्ष ननाघेको ) द्वारा संचालित उद्योगलाई प्रविधि सहयोग (उद्यमी र सरकारको साझेदारीमा) (औद्योगिक उत्पादनसँग सम्वन्धित उपकरण तथा मेशीन औजार) | १.उद्योग दर्ता/नवीकरणको प्रमाणपत्र<br>२.PAN/VAT दर्ता प्रमाणपत्र<br>३.०७७/७८को कर चुक्ताको प्रमाणपत्र<br>४.व्यवसायीक योजना/स्कीम<br>५.तालीम/अनुभव प्रमाणपत्र<br>६.सम्वन्धित वडाको सिफारिस |
| २ | ०२।०७८।७९ | कम्पनी दर्ता वा उद्योग कार्यालयमा दर्ता भएका वा दर्ता उन्मुख स्थानीयस्तरमा उत्पादन हुने मसला तथा अनाज प्रशोधन/प्याकेजिङ गर्ने नव उद्यमीलाई प्रविधि सहयोग | |
| ३ | ०३।०७८।७९ | महिलाद्वारा संचालन हुने नयाँ उद्योग स्थापनाको परियोजना प्रस्तावको आधारमा प्रोत्साहनका लागि प्रविधि हस्तान्तरण | |
| ४ | ०४।०७८।७९ | ४० वर्ष उमेर मुनिका युवाद्वारा संचालन हुने कम्पनी दर्ता वा उद्योग कार्यालयमा दर्ता भएका वा दर्ता उन्मुख नयाँ उद्योग स्थापनाको लागि परियोजना प्रस्तावको आधारमा प्रविधि हस्तान्तरण | |
| ५ | ०५।०७८।७९ | कोभिड १९बाट प्रभावित संचालनमा रहेका उद्योग/उद्यमीलाई स्तरोन्नतीका लागि प्रविधि हस्तान्तरण सहयोग | |

**प्राथमिकता/शर्तहरू:**

१) प्रविधि माग सम्बन्धि निवेदन प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधिको अनुसुची बमोजिम पेश गर्नुपर्नेछ ।
२) यसअघि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहबाट कुनै किसिमको सहयोग वा अनुदान प्राप्त नगरेको भन्ने प्रमाण वा कबुलनामा पेश गर्नुपर्नेछ ।
३) एक जना उद्यमीले एउटा सूचना नं. को लागि मात्र निवेदन दिन सकिनेछ ।
४) यस कार्यालयबाट अनुदान प्राप्त गरेको ३ वर्ष व्यतित नभई पुन:प्रविधि हस्तान्तरण गरिने छैन ।
५) महिला, दलित, मधेशी, अपाङ्ग, आर्थिक एवं सामाजिक दृष्टिले पछाडि परेका आदिवासी जनजातिद्वारा संचालित उद्योगलाई प्राथमिकता दिइनेछ ।
६) अन्य विषयहरु प्रविधि हस्तान्तरण सम्बन्धि कार्यविधि २०७८ बमोजिम हुनेछ ।
७) निवेदन बापतको दस्तुर रु.१००/- राष्ट्रिय वाणिज्य बैंक, हेटौंडामा कार्यालय कोड ३०७०१३२०२३, खाता नं.१०००२०००१००००, राजस्व शिर्षक १४२२९ मा जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ ।
८) विस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।


**निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्**

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब



हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**

हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



**"तपाई, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**



वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल